गरेमा लाग्ने शुल्क सम्बन्धित निवेदकले व्यहोर्नु पर्नेछ ।

- छानविन पश्चात निजी वन दर्ता गर्न नमिल्ने देखिएमा सम्बन्धित निकायले निवेदकलाई कारण समेत खोली छानविन सकिएको मितिले ७ (सात) दिन भित्र जानकारी दिनुपर्नेछ ।
- निवेदकलाई चित्त नबुझेमा सम्बन्धित डिभिजनल वन अधिकृत समक्ष उजुर गर्नु सक्नेछ ।
- परेको उजुरी उपर छानविन गरी उजुरी परेको मितिले १५ (पन्ध्र) दिनभित्र डिभिजन वन अधिकृतले आफ्नो निर्णय दिनुपर्नेछ । उक्त निर्णय अन्तिम हुनेछ ।

## दर्ता प्रमाण पत्र

डिभिजन वन कार्यालयमा निवेदन दर्ता भई आवश्यक छानविन प्रकृया पूरा गरी प्रतिवेदन प्राप्त भएको ७ (सात) दिन भित्र निजी वन दर्ता गरी डिभिजन वन कार्यालयले निवेदकलाई प्रमाण पत्र दिनुपर्नेछ ।

## निजी वनको वर्गीकरण

नम्वरी आवादी जग्गामा रहेको वनलाई देहाय अनुसार वर्गीकरण गरिएको छः

१. निजी वन (व्यक्ति) : व्यक्ति आफैंले स्थापना गरेको निजी वन ।
२. निजी वन (संस्था) : स्कुल, कलेज र अन्य निजी संस्थाहरूले स्थापना गरेको निजी वन ।
३. निजी वन (उद्योग) : कुनै वन पैदावारमा आधारित उद्योगले कच्चा पदार्थ उत्पादन गर्न आफ्नो जग्गाधनी दर्ता प्रमाणपूर्जा भित्रको जग्गा वा कृषक, अन्य व्यक्ति वा संघसंस्थासँग कररामा लिएको जग्गामा स्थापना गरेको निजी वन ।

## निजी वन समूह गठन तथा दर्ता

१. कम्तीमा ७ जना दर्ता भएका निजी वन धनी मिली एउटा निजी वन समूह गठन गर्न सक्नेछन् । निजी वन समूहले “निजी वन समूह” दर्ताका लागि डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।
२. निजी वन समूह दर्ता गर्न निवेदन दिंदा समूहको विधान तथा निजी वन समूहको कार्ययोजना समेत संलग्न गर्नु पर्नेछ ।
३. नियमानुसार दर्ता भएको समूहले पेश गरेको विधान तथा कार्ययोजना अनुसार कार्यक्रमहरु संचालन गर्नु पर्नेछ ।
४. विभिन्न समूहहरु मिली निजी वन समूह संजाल गठन गर्न सक्नेछन् । यस्तो संजाल (Network) लाई जिल्लास्तरमा डिभिजन वन कार्यालयले, प्रदेशस्तरमा प्रदेश वन निर्देशनालयले र केन्द्रस्तरमा वन तथा भू-संरक्षण विभागले सूचीकृत गरिदिने छन् ।

## निजी वन सहकारी गठन तथा दर्ता

१. निजी वन धनीहरु वा समूहहरु मिली सहकारी ऐन, नियम अनुसार सहकारी गठन तथा दर्ता गर्न सक्ने छन् ।
२. निजी वन कार्ययोजनाको आधारमा सहकारी गठन र दर्ता हुनु पर्दछ ।
३. गठन गरिएको निजी वन सहकारीले सहकारी ऐन, नियम अनुसार कृयाकलाप गर्न पाउनेछन् । तर यसको जानकारी सम्बन्धित डिभिजन वन कार्यालयमा दिनु पर्नेछ ।
४. गठन भएका निजी वन सहकारीले कार्ययोजना अनुसार डिभिजन वन कार्यालयसँग समन्वय राखी निजी वन सम्बन्धी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

## निजी वन व्यवस्थापन तथा प्राविधिक सहयोग

निजी वन व्यवस्थापन तथा सम्वर्धन गर्ने कार्यको जिम्मेवारी निजी वन धनीको नै हुनेछ । निजी वन धनीले आवश्यक प्राविधिक सहयोग माग गरेमा डिभिजन वन कार्यालय तथा अन्तर्गतका निकायले त्यस्तो सहयोग उपलब्ध गराउनु पर्नेछ । निजी वन धनीले यस सम्बन्धमा अन्य निजी, सरकारी तथा गैर सरकारी संघ/संस्थाहरुबाट समेत प्राविधिक सहयोग लिन सक्ने छन् ।

## निजी वन व्यवस्थापन तथा प्राविधिक सहयोगका क्षेत्रहरू

- विउ/विजन/विरुवाको पहिचान, संकलन तथा उत्पादन
- नर्सरी व्यवस्थापन
- निजी वन स्थापना गर्ने जग्गाको सर्भेक्षण, नक्सांकन तथा प्रजातिको पहिचान
- निजी वन वृक्षारोपण, पून:रोपण गोडमेल तथा सम्वर्द्धन
- रोग/किरा पहिचान र नियन्त्रण
- उपयुक्त कृषि वन प्रणालीको छनौट,
- निजी वनको रुख कटान, नाप पैमाइस तथा अन्य वन पैदावारको सदुपयोग
- निजी वनको श्रोत सर्भेक्षण तथा मूल्याङ्कन
- निजी वन पैदावारको बजार पहिचान, व्यवस्थापन तथा मूल्याङ्कन
- निजी वन व्यवस्थापन कार्ययोजना तयारी
- अन्य प्राविधिक सहयोग

## प्राविधिक सहयोग प्रदान गर्ने निकाय

### जिल्लास्तर

१. डिभिजन वन कार्यालय र अन्तर्गतका निकायहरु
२. भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यालय
३. जिल्ला वनस्पति कार्यालय
४. वन सम्बन्धी कार्य गर्ने गैर सरकारी संस्था
५. वन प्राविधिकहरुको संस्था
६. वन अध्ययन सम्बन्धी फिल्ड कार्यालय
७. राष्ट्रिय निकुञ्ज तथा आरक्ष कार्यालय
८. वन उपभोक्ता समूह/संजालहरु

Printed @ Quality Press, Bharatpur, 056-526701

# निजी वन विकास सम्बन्धी महत्वपूर्ण जानकारी



प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, नवलपुर**
फोन नं. ०७८–५४०१३५

आर्थिक वर्ष २०७५/०७६

dfonawalpur@gmail.com
www.dfonawalpur.gov.np

## परिभाषा

वन ऐन २०४९ अनुसार निजी वन भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पर्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनु पर्छ ।

## लक्ष्य

१. उत्पादन बढाउने
२. उत्पादकत्व बढाउने
३. जमिनको सदुपयोग गर्ने
४. दाउराको मागलाई सन्तुलन गरी आपुर्ति बढाउने
५. काठको मागलाई आपुर्ति गर्ने
६. जलवायु परिवर्तन प्रतिकुल असर हुन नदिने
७. आम्दानी, रोजगारी तथा कुल अर्थतन्त्रमा योगदान गर्ने

## वन ऐन दफा ३८ (निजी वन सम्बन्धि व्यवस्था)

निजी वनको धनीले आफ्नो इच्छा अनुसार निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा पैदावारको उपभोग गर्न वा मूल्य निर्धारण गरी बिक्रि वितरण गर्न सक्नेछ ।

## वन ऐन दफा ३९ (निजी वनको प्रमाण पत्र)

१. निजी वन दर्ता गराउन चाहने कुनै पनि व्यक्ति वा संस्थाले निजी वन दर्ता गराई पाँउ भनि डिभिजन वन कार्यालयमा निवेदन दिन सक्नेछ ।
२. उपदफा (१) बमोजिम पर्न आएको निवेदनमा आवश्यक लागत खडा गरी डिभिजनल वन अधिकृतले तोकिए बमोजिम प्रमाण-पत्र दिनेछ ।
३. उपदफा (२) बमोजिम प्रमाण-पत्र प्राप्त गरेकाले निजी वन धनीलाई आवश्यक प्राविधिक सहयोग वन कार्यालयले उपलब्ध गराउन सक्नेछ ।

## दफा ४0 (नेपाल सरकारको स्वामित्वमा रहने)

१. बसोबास वा पुनर्वास गरिएका जग्गाहरुमा त्यस्तो जग्गा प्रदान गरेको बखत देखिनै रहेकोले रुखहरु नेपाल सरकारले यथासम्भव चाँडो हटाउनु पर्नेछ ।
२. उपदफा (१) मा उल्लेखित रुखहरु विना इजाजत हटाउने व्यक्तिलाई राष्ट्रिय वनमा कसुर गरे सरह सजाय हुनेछ ।

## वन नियमावली २०५१, परिच्छेद-७ मा भएका निजी वन सम्बन्धि नियमहरू

नियम ६१- निजी वन दर्ताका लागि निवेदन सम्बन्धि व्यवस्था
नियम ६२- वन पैदावारको ओसार पसार सम्बन्धि व्यवस्था
नियम ६३- प्रमाण पत्र सम्बन्धि व्यवस्था
नियम ६२- निजी वनको लगत कट्टा व्यवस्था

## निजी वन विकास निर्देशिका, २०६८

### प्रस्तावना

निजी वन विकासका कार्यक्रमहरु कार्यान्वयन हुँदै आइरहेकोमा यसका लागि मौजुदा नीतिगत व्यवस्था तथा प्रावधानहरुलाई अझ बढी स्पष्ट र सरल बनाई सर्वसाधारण जनताहरुको निजी वनप्रतिको आकर्षणमा बृद्धि गरी निजी वनको यथोचित विकासमा टेवा पुऱ्याउन आवश्यक देखिएको निजी वन कार्यक्रम प्रति स्थानीय जनता, उद्यमी, संघसंस्था, लगायतका सरोकारवालाहरुलाई आकर्षित गराई निजी वन विकास मार्फत समग्र आर्थिक विकास तथा जैविक विविधता एवं वातावरण संरक्षणमा टेवा पुऱ्याउन वन ऐन २०४९ र वन नियमावली २०५१ मा भएका प्रावधानलाई सरल र स्पष्ट पारी कार्यान्वयनमा एकरुपता ल्याई निजी वनको संरक्षण र विकास गर्न नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।



## निजी वन दर्ता प्रक्रिया

### निवेदन दिनुपर्ने

१. निजी वन दर्ता गर्न चाहने जग्गा धनी (व्यक्ति वा संघ/संस्था) ले निजी वन रहेको सम्बन्धित डिभिजन वन कार्यालय वा सव-डिभिजन वन कार्यालय समक्ष निवेदन दिनुपर्ने छ ।
२. निवेदनमा निजी वनको क्षेत्रफल, प्रजाति, रुखको उमेर, रुख संख्या र वृक्षारोपण क्षेत्र/संरक्षण गरिएको क्षेत्र आदि उल्लेख गर्नुपर्ने छ । जडिबुटी एवं गैह्रकाष्ठ वन पैदावारको हकमा समेत क्षेत्रफल सहितको विवरण खोली निवेदन दिनुपर्ने छ ।
३. निवेदनसाथ जग्गाधनी प्रमाण पूर्जा, गत आर्थिक वर्षको मालपोत तिरेको रसिद र जग्गाको कित्ता नम्बर खुलेको नक्साको प्रतिलिपिहरु संलग्न गर्नुपर्ने छ ।
४. धितो राखेको जग्गामा रहेको निजी वन दर्ता गर्न धितो राखिएको कारणले मात्र कुनै असर पर्ने छैन ।
५. निवेदन साथ संलग्न हुनु पर्ने कागजातहरु नपुग भएमा निवेदकलाई निवेदन दर्ता गर्न ल्याएको समयमा नै जानकारी उपलब्ध गराउनु पर्नेछ ।

### अनुसूची-१

(नियम ६१ को उपनियम (१) सँग सम्बन्धित
निजी वन दर्ताको लागि दिईने निवेदन

श्रीमान् डिभिजनल वन अधिकृत ज्यू
डिभिजन वन कार्यालय,

मैले/हामीले आफ्नो आवादी जमीनमा लगाई राखेको रुख वन ऐन, २०४९ र वन नियमावली २०५१ अनुसार रुख दर्ता गरी पाउँ । मैले/हामीले लगाएको रुखको जात, परिमाण र त्यसले ओगटेको जग्गाको क्षेत्रफल तपसील बमोजिम छ । म/हामीसँग भएको जग्गाको निस्सा प्रमाण पूर्जा पनि यसैसाथ संलग्न गरेको छु/छौं ।

तपसिल

| क्र. सं. | जग्गा रहेको स्थान | जग्गाको कित्ता नं. | जग्गाको क्षेत्रफल | रुख विरुवाको जात | रुख विरुवाको संख्या |
|---|---|---|---|---|---|
| | | | | | |

निवेदक

हस्ताक्षरः नाम, थरः
ठेगानाः मितिः

## जाँचबुझ प्रक्रिया

- दर्ता भएको निवेदन उपर डिभिजनल वन अधिकृतले आवश्यकता अनुससार अधिकारी खटाई छानविन प्रकृया शुरु गरिनेछ ।
- छानविन गर्दा सम्बन्धित गाउँपालिका/नगरपालिकाका प्रतिनिधि र स्थानीय बासिन्दासँग सोध्ने, सरजमिन बुझ्ने तथा सम्बन्धित जग्गाको स्थलगत निरीक्षण समेत गर्नुपर्नेछ ।
- सम्बन्धित अधिकारीले बढीमा ३० (तिस) दिनभित्र छानविन कार्य सम्पन्न गरी राय साथ डिभिजन वन अधिकृत समक्ष प्रतिवेदन बुझाउनु पर्नेछ ।
- राष्ट्रिय वन, ऐलानी, पर्तिसँग जोडिएको निजी वन छानविन गर्दा छानविन गर्ने अधिकारीले अमिनको आवश्यकता ठानेमा डिभिजन वन कार्यालयले अमिनले व्यवस्था गर्नेछ । त्यस्तो कार्यमा अमिन खटाउँदा नापी शाखाले प्रचलित कानुन बमोजिम राजश्व माग